# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२४ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरीएको ।

---

जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं १८, लमही, दाङमा कार्यरत ईन्जिनियर राम दुलारी शरण भगतले जिल्ला दाङ, गोबरिया, वडा नं. ८ स्थित खहरे भालुखोलामा ग्याबियन तारजालीमा ढुङ्गा भरी रिभेटमेन्ट निर्माण कार्यको ठेक्का अनुसार निर्माण कार्य सम्पन्न भई चेक भुक्तानी भएको रकमको दश प्रतिशतले (१०%) हुन आउने रकम रु.१,५७,०००।-(एक लाख सन्ताउन्न हजार) बिभिन्न बहानामा निर्माण व्यबसायीसंग माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगबाट खटि गएको टोलीले रु.१,५७,०००।- (एक लाख सन्ताउन्न हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज ईन्जिनियर राम दुलारी शरण भगत उपर विगो रु.१,५७,०००।-(एक लाख सन्ताउन्न हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र विगो बमोजिम जरिवाना हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी